धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २**

धनकुटा नगरपालिका राजश्व परामर्श समितिको निर्णय तथा वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई पेश भएको धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२९ को उपधारा (२) वमोजिम तपसिल अनुसारको धनकुटा नगरपालिकाको आर्थिक ऐन, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

## धनकुटा नगरपालिकाको आर्थिक ऐन, २०७७

**प्रस्तावना :**

नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न वाञ्छनीय भएकोले ,

नेपालको सविधानको धारा २२८ को उपधारा (२) बमोजिम धनकुटा नगरपालिकाको नगर सभामा पेश गर्ने गरी यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नाम **आर्थिक ऐन, २०७७** रहेको छ ।
(२) यो ऐन नगर सभाबाट स्वीकृत भएपछि धनकुटा नगरपालिका क्षेत्रमा मिति २०७७ साल श्रावण १ गतेदेखि लागु हुनेछ ।

**२. सम्पति कर :**
यस नगरपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम सम्पत्तिकर लगाईने र असुल गरिनेछ ।

**३. भूमि कर तथा मालपोत :**
यस नगरपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भूमि कर तथा मालपोत लगाईने र असुल गरिनेछ । भुमिकर तथा मालपोत निर्धारण गर्दा जग्गाको मुल्यांकनको आधारमा गरिने छ । जग्गाको मुल्य निर्धारण गर्दा नगरपालिकाले निर्धारण गरेको जग्गाको न्युनतम मुल्यांकन दर तथा करदाताले स्वः घोषणा गरेको मूल्य समेतको आधारमा गरिने छ

**४.घर जग्गा बहाल कर :**
यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिनेछ ।

**५. ब्यबसाय कर :**
यस नगरपालिका क्षेत्रभित्र ब्यापार, ब्यबसाय वा सेवामा व्यवसाय वा सेवाको किसिम, श्रेणी, ब्यवसाय सन्चालन भएको क्षेत्र र लगानी भएको पुजी समेतका आधारमा अनुसूची (४) वमोजिम ब्यवसाय कर लगाईने र असुल गरिनेछ

**६.जडीबुटी, कवाडी, जीबजन्तु कर :**
यस नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको ब्यवसायिक कारोबार गरेबापत अनुसूची (५) बमोजिम कर लगाईने र असुल गरिनेछ ।

**७. सवारी साधन कर :**
यस नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल गरिने छ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा ब्यबस्था भएकोमा सोही बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

**८. विज्ञापन कर :**

यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यबस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**९ .बहाल बिटौरी शुल्क :**

यस नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यबस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ ।

**१०. पार्किङ शुल्क :**

नगरपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ सुबिधा उपलब्ध गराएर बापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाईने र असुल गरिनेछ ।

**११. सेवा शुल्क दस्तुर :**

यस नगरपालिकाले निर्माण, संचालन व्यबस्थापन गरेका अनुसुची (१०) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुचीमा व्यबस्था भए अनुसार शूल्क लगाइने र असूल गरिनेछ ।

**१२. कर छुट :**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कर छुट दिईने छैन् । कर, वक्यौता रकम, दण्ड जरिवानालाई छुट दिनपर्ने भएमा नगर कार्यपालिकाको सिफारीसमा औचित्यका आधारमा नगरसभाले कर छुट दिन सक्ने छ,। सो बाहेक कोही कसैले कर छुट दिएमा सम्वन्धित पदाधिकारी वा कर्मचारीबाट अशूलउपर गरिने छ ।

**१३.कर तथा शुल्क संकलन सम्बन्धी कार्यबिधि :**

यो ऐनमा भएको व्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यबिधि नगरपालिकाले तोके अनुसार हुनेछ

**१४.राजश्व प्रशासन :**

राजश्व प्रसाशनलाई व्यवस्थित र प्रभावकारी वनाउन निम्नानुसार गरिने छ ।

क. राजश्व संकलन संग सम्वन्धित शाखा/ईकाई लगायत वडा कार्यालयहरु समेत लाई श्रोत साधन, शिपयुक्त जनशक्ति र यान्त्रीकरणयुक्त बनाउदै राजश्व प्रशासन चुस्त बनाउन पहल गरिने छ ।

ख.राजश्वको दायरा फराकिलो बनाउन सम्भाब्यता अध्ययन, स्थलगत सर्भेक्षण र तालिम संचालन गरिने छ ।

ग.नगरका दिर्घकालिन आयका क्षेत्रहरु जस्तै ब्यापारिक भवन, सेड, हाटवजार, सार्वजनिक सौचालय, पार्क उद्यान आदिको निर्माण, संरक्षण मर्मत संभारमा जोड दिईने छ ।

घ.कर प्रणालीलाई बिश्वसीनय, पारदर्शी र छिटोछरितो बनाई करदाताहरुको कर सन्तुष्टीको तह बृद्धि गर्न सवै कर क्षेत्रहरुलाई सफ्वेयर प्रणाली मार्फत तथ्यांक व्यवस्थित गर्ने र वडा कार्यायवाट वाकी सवै प्रकारका कर श्रावण १ गतेवाट वडास्तरमै संकलन गरिने छ ।नगरपालिकावाट सम्न्वय सहजीकरण, नियमन र करका दायरा वृद्धिमा आवश्यक कार्य गरिने छ ।

ङ.नियमित कर बुझाउने करदाताहरु को संख्यात्मक बृद्धि गर्दै आय अभिबृद्धि गर्न आवश्यक पर्ने करदाता शिक्षा कार्यक्रम, कर अभिमुखिकरण, कर उत्प्रेरणा कार्यक्रम, करदाता सम्मान र पुरस्कार तथा आवश्यक कर सम्वन्धी सूचनाहरु सञ्चार सम्प्रेषण गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची-१
### (ऐनको दफा (५५) सँग सम्बन्धित)
### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पत्ति करको दररेट

| क.स | मूल्यांकन रकम | | | | सम्पत्तिकर बार्षिक रु. |
|---|---|---|---|---|---|
| १ | १ ⟶ | देखि | ५ लाख सम्म | सम्म | १०० |
| २ | ५ लाख १ | देखि | २५ लाख | सम्म | ०.०३ प्रतिशत |
| ३ | २५ लाख १ | देखि | ३० लाख | सम्म | ०.०४ प्रतिशत |
| ४ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | ०.०५ प्रतिशत |
| ५ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | ०.०५५ प्रतिशत |
| ६ | ४० लाख १ | देखि | ५० लाख | सम्म | ०.०६५ प्रतिशत |
| ७ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ०.०७५ प्रतिशत |
| ८ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ०.०९ प्रतिशत |
| ९ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ०.१० प्रतिशत |
| १० | ८० लाख १ | देखि | ९० लाख | सम्म | ०.११ प्रतिशत |
| ११ | ९० लाख १ | देखि | १ करोड | सम्म | ०.१२ प्रतिशत |
| १२ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | ०.१२ प्रतिशत |
| १३ | १ करोड ४० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | ०.१२ प्रतिशत |
| १४ | १ करोड ८० लाख १ | देखि | २ करोड ५० लाख | सम्म | ०.१२ प्रतिशत |
| १५ | २ करोड ५० लाख | देखि | ४ करोड | सम्म | ०.१३ प्रतिशत |
| १६ | ४ करोड १ देखी माथि | | | | ०.१४ प्रतिशत |

**२. सम्पत्तिको मूल्याङ्कन आधार तथा दर निर्धारण सम्बन्धी व्यवस्था :**

१. घर जग्गाको आकार, प्रकार, बनौट वा उपयोग वा अचल सम्पत्तिको उत्पादनसिल उपयोगको अवस्था ।

२. नागरिकको जिवनस्तर, आर्थिकस्तर र खर्च गर्न सक्ने क्षमता ।

३. अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रास मूल्य,

सम्पत्तिकरको दर निर्धारण सम्बन्धी व्यवस्था :

**क)** प्रत्येक आर्थिक बर्षको श्रावण १ गते देखि उक्ति आर्थिक बर्ष भित्रमा करदाताको नाममा रहेको जग्गामा बनेको संरचना र संरचनाले ओगटेको जग्गाको दोब्बर क्षेत्रफल बराबरको जग्गा र बाँकी जग्गा समेत त्यस बर्ष निजको मालपोत तथा सम्पत्तिकर योग्य सम्पत्ति मानी त्यसै बमोजिम मूल्याङ्कन का आधारमा कर निर्धारण गरिनेछ ।

**ख)** नगरपालिका क्षेत्रमा करदाताहरुको सम्पत्तिकरको मुल्यांकन गर्दा प्रचलित बजार भाउ र जग्गा रजिष्ट्रेशन प्रयोजनको दररेट समेत लाई आधार मानि स्वघोषणा बिधि द्धारा गरिने छ ।

**ग)** मूल्याङ्कन समितिले क्षेत्र विभाजन गरी कायम गरेको जग्गाको न्यूनतम मुल्याङ्कनलाई जग्गाको मूल्याङ्कनको आधारको रुपमा लिइनेछ ।

## अनुसुची-२
### (ऐनको दफा (५६) सँग सम्बन्धित)
### नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने मालपोत करको दर

| क.स. | मूल्यांकन रकम | | | | मालपोत बार्षिक |
|---|---|---|---|---|---|
| १ | १ ⟶ | देखि | ५ लाख सम्म | सम्म | रु. १०० |
| २ | ५ लाख १ | देखि | २५ लाख | सम्म | ०.०३ प्रतिशत |
| ३ | २५ लाख १ | देखि | ३० लाख | सम्म | ०.०४ प्रतिशत |
| ४ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | ०.०५ प्रतिशत |

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | ०.०५५ प्रतिशत |
| ६ | ४० लाख १ | देखि | ५० लाख | सम्म | ०.०६५ प्रतिशत |
| ७ | ५० लाख १ | देखि | ६० लाख | सम्म | ०.०७५ प्रतिशत |
| ८ | ६० लाख १ | देखि | ७० लाख | सम्म | ०.०९ प्रतिशत |
| ९ | ७० लाख १ | देखि | ८० लाख | सम्म | ०.१० प्रतिशत |
| १० | ८० लाख १ | देखि | ९० लाख | सम्म | ०.११ प्रतिशत |
| ११ | ९० लाख १ | देखि | १ करोड | सम्म | ०.१२ प्रतिशत |
| १२ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | ०.१२ प्रतिशत |
| १३ | १ करोड ४० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | ०.१२ प्रतिशत |
| १४ | १ करोड ८० लाख १ | देखि | २ करोड ५० लाख | सम्म | ०.१२ प्रतिशत |
| १५ | २ करोड ५० लाख | देखि | ४ करोड | सम्म | ०.१३ प्रतिशत |
| १६ | ४ करोड १ देखी माथि | | | | ०.१४ प्रतिशत |

## अनुसूची-३
(दफा ५७ सँग सम्बन्धित)
**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने घरजग्गा बहाल करको दर**

| क.सं | विवरण | प्रतिसत. |
|---|---|---|
| क. | धनकुटा नगरपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि बहालमा दिएकोमा सम्बन्धीत धनी वा बहालवालाबाट लिने बहालकर | १० (दश) |

## अनुसूची-४
**(दफा ५८ सँग सम्बन्धित)**
**व्यवसाय कर**

१. खूद्रा किराना पसल
- श्रेणी क. — रु. १२००।००
- श्रेणी ख. — रु. १०००।००
- श्रेणी ग. — रु. ८००।००

२. थोक किराना
- श्रेणी क. — रु. २०००।००
- श्रेणी ख. — रु. १५००।००

३. होटल एण्ड लज
- श्रेणी क. — रु. २०००।००
- श्रेणी ख. — रु. १६००।००
- श्रेणी ग. — रु. १२००।००

४. होटल
- श्रणी क. — रु. १५००।००
- श्रेणी ख. — रु. १२००।००
- श्रेणी ग. — रु. ८००।००

५. लज व्यवसाय
- श्रेणी क. — रु. १२००।००

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | श्रेणी ख. | रु. ८००।०० |
| ६. | रिसोर्ट | |
| | श्रेणी क. | रु. ६०००।०० |
| | श्रेणी ख. | रु. ४०००।०० |
| ७. | रेष्टुरेण्ट | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| ८. | चिया नास्ता पसल | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ४००।०० |
| ९. | कपडा पसल | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| १०. | फेन्सी तथा तयारी पोशाक | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| ११. | श्रृगार पसल (कस्मेटिक) | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १२००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| १२. | निर्माण सामाग्री तथा हार्डवेयर पसल | |
| | श्रेणी क. | रु. ५०००।०० |
| | श्रेणी ख. | रु. ३५००।०० |
| | श्रेणी ग. | रु. २५००।०० |
| १३. | भाडावर्तन पसल | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| १४. | सून, चांदी आदिको गहना बनाउने तथा बिक्री गर्ने | |
| | श्रेणी क. | रु. ४०००।०० |
| | श्रेणी ख. | रु. ३०००।०० |
| | श्रेणी ग. | रु. २०००।०० |
| १५. | पत्रिका तथा पूस्तक पसल तथा स्टेशनरी पसल | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| १६. | फोटो स्टुडियो | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| *कलरल्याव मेशिन सहित* | | रु. २५००।०० |
| १७ | फोटोकपी टेलिफोन सेवा तथा कुरियार्स | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु.५००।०० |

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १८. | कम्प्यूटर, प्रशिक्षण | |
| | श्रेणी क. | रु. ३०००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| १९. | सिलाई वूनाई तथा पेन्टिङ प्रशिक्षण | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| २०. | घडी, रेडियो क्यासेट आदि विक्री | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| | श्रेणी ग. | रु. १०००।०० |
| २१. | घडी, रेडियो टि.भी. मर्मत | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| | श्रेणी ग. | रु. ६००।०० |
| २२. | पेट्रोमक्स, स्टोभ, कूकर मर्मत | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| २३. | मोटर साईकल मर्मत | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| २४. | गाडीको टायर ट्यूव मर्मत | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| २५. | ग्रिल सम्बन्धी मर्मत तथा निर्माण | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |
| २६. | जूत्ता चप्पल पसल | |
| | श्रेणी क. | रु. १२००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| २७. | अन्य विविध मर्मत | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| २८. | टेलिभिजन विक्री | |
| | श्रेणी क. | रु. २०००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| २९. | अटोवर्क शप | |
| | श्रेणी क. | रु. ५०००।०० |
| | श्रेणी ख. | रु. ३०००।०० |
| ३०. | चिया नास्ता, खूद्रा तथा मिश्रित गूम्ती पसल | |
| | श्रेणी ख. | रु. ८००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| ३१. | सब्जीपसल | |
| | श्रेणी क. | रु. १०००।०० |

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | श्रेणी ख. | रु. ६००।०० |
| | सब्जी थोक विक्री वार्षिक | रु. २०००।०० |
| ३२. | मासू पसल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ३३. | विउ बिजन कृषि सामाग्री | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| ३४. | कोल्ड ड्रिंक खूद्रा (चिसोपेय) | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ३५. | सैलून | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ३६. | फर्निचर पसल | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. १८००।०० |
| ३७. | पान पसल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ३८. | सुचिकार (टेलर्स) | |
| | श्रेणी क. | रु. १३००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ५००।०० |
| ३९. | अधिकृत विक्रेता (डिलर) वार्षिक | |
| | श्रेणी क. | रु. ४०००।०० |
| | श्रेणी ख. | रु. ३०००।०० |
| | श्रेणी ग. | रु. २५००।०० |
| | (मदिरा र चुरोटको डिलरलाई अनिवार्य क श्रेणीमा गर्ने) | |
| ४०. | डिजल मटितेल, पेट्रोल पम्प | रु. ८०००।०० |
| ४१. | ऊन होजियारी पसल | |
| | श्रेणी क. | रु. ६००।०० |
| | श्रेणी ख. | रु. ४००।०० |
| ४२. | औषधी पसल | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| | श्रेणी ग. | रु. ८००।०० |
| ४३. | क्यारामवोर्ड पसल | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ४४. | चटपटे | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ४५. | पूल स्नुकर | |

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ४६. | कूटन पिसन तेलहन मिल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ४७. | हस्तकला सामानको पसल | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ४८. | बिस्कूट पाउराटी उद्योग | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ४९. | नूडल्स उद्योग | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५०. | दाना उद्योग र पसल | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५१. | ईटा टायल उद्योग | |
| | श्रेणी क. | रु. ८०००।०० |
| | श्रेणी ख. | रु. ५०००।०० |
| ५२. | फर्निचर उद्योग | |
| | श्रेणी क. | रु. ३०००।०० |
| | श्रेणी ख. | रु. २५००।०० |
| ५३. | घरेलू उद्यम (सुति कपडा, मैनबत्ति, अचार, वेतवास, आदी सम्बन्धि) | |
| | श्रेणी क. | रु. ८००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ५४. | पोल्ट्री फार्म | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५५. | विरुवा नर्सरी | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ७००।०० |
| ५६ | खूकूरी उद्योग | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ५००।०० |
| ५७ | चिया उद्योग | |
| | श्रेणी क. (गुरांसे टि. स्टेट | रु. २०,०००।०० |
| | श्रेणी ख. (जून चियाबारी। कूवापानी टि प्लान्टेशन) | रु. १५०००।०० |
| ५८ | अन्य उद्योग(उल्लेखित बाहेक) | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ५९. | अंगूरा खरायो फार्म | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ६०. | गिफ्ट पसल | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ६१. | ड्राई क्लिनिङ | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ६००।०० |
| ६२. | ढूवानी सेवा | |
| | श्रेणी क. | रु. ३५००।०० |
| | श्रेणी ख. | रु. २५००।०० |
| ६३. | सिनेमाहल | |
| | ठुलो पर्दा | रु. ५०००।०० |
| | सानो पर्दा | रु. ३०००।०० |
| ६४. | प्राईभेटक्लिनिक | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| ६५. | छापाखाना तथा प्रेस | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. १५००।०० |
| ६६. | पेन्टिङ कला केन्द्र/फ्लेस प्रिन्ट | |
| | श्रेणी क. (अपसेट) | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ६७. | कानूनी तथा प्राविधिक कन्सल्टेन्सी (परामर्स) | |
| | श्रेणी क. | रु. ३०००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |
| ६८. | निर्माण व्यवसायी (ठेकेदार) | |
| | - यस न.पा.मा प्रधान कार्यालय भएको | रु. ३०००।०० |
| ६९. | निजी प्रयोगशाला (ल्याव) X-Ray सञ्चालन | |
| | श्रेणी क. | रु. १५००।०० |
| | श्रेणी ख. | रु. १०००।०० |
| ७०. | विज्ञापन सेवा | |
| | श्रेणी क. | रु. १०००।०० |
| | श्रेणी ख. | रु. ८००।०० |
| ७१. | वित्तिय सेवा वार्षिक कर | |
| | श्रेणी क(बाणिज्य बैक) | रु. २०,०००।०० |
| | श्रेणी ख(बिकास बैक) | रु. १५०००।०० |
| | श्रेणी ग(लघुबित्त संस्था) | रु. १०,०००।०० |
| | श्रेणी घ(बचत तथा ऋण सहकारी संस्था) | रु. ५०००। |
| | श्रेणी ङ(उपभोक्ता सहकारी,कृषि तथा दुग्ध सहकारी) | रु. २५००। |
| ७२. | जडीबूटी व्यापार (चिराईतो, अलैची आदि) | |
| | श्रेणी क. | रु. २५००।०० |
| | श्रेणी ख. | रु. २०००।०० |
| ७३. | अन्य सेवा | |
| | ( वैदेशिक रोजगार सेवा वार्षिक | रु. ५०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| ( स्वदेशी रोजगार सेवा वार्षिक | रु. २०००।०० |
| ( जग्गा खरिद बिक्री व्यवसाय | रु. ५०००।०० |
| ७४. व्यूटी पार्लर | |
| श्रेणी क. | रु. १०००।०० |
| श्रेणी ख. | रु. ८००।०० |
| ७५. उर्जामूलक उद्योग र व्यवसाय | |
| श्रेणी क. | रु. ५०००।०० |
| श्रेणी ख. | रु. ३०००।०० |
| ७७. निजी क्षेत्रका क्याम्पस | |
| श्रेणी क. | रु. १०,०००।०० |
| श्रेणी ख. | रु. ५०००।०० |
| ७८. भाषा प्रशिक्षण तथा कोचिङ्ग सेन्टर | |
| श्रेणी क. | रु. २५००।०० |
| श्रेणी ख. | रु. २०००।०० |
| ७९. नसिङ्ग होम | |
| श्रेणी क. | रु. १०,०००।०० |
| श्रेणी ख. | रु. ५०००।०० |
| ८०. मदिरा खुद्रा बिक्री | |
| श्रेणी क. | रु. २०००।०० |
| श्रेणी ख. | रु. १५००।०० |
| ८१. कम्प्युटर बिक्री | |
| श्रेणी क. | रु. ५०००।०० |
| श्रेणी ख. | रु. ३०००।०० |
| ८२. मोवाईल सिम बिक्री | |
| श्रेणी क. | रु. ३०००।०० |
| श्रेणी ख. | रु. २०००।०० |
| ८३. सवारी साधन बिक्रेता | |
| श्रेणी क. | रु. ८०००।०० |
| श्रेणी ख. | रु. ५०००।०० |
| ८४. दुध संकलन केन्द्र वार्षिक | |
| श्रेणी क. | रु. १५००।०० |
| श्रेणी ख. | रु. १०००।०० |
| ८५. सवारी साधनका पार्टपुर्जा बिक्री | |
| श्रेणी क. | रु. १५००।०० |
| श्रेणी ख. | रु. १०००।०० |
| ८६. शीत भण्डार | |
| श्रेणी क. | रु. २०००।०० |
| श्रेणी ख. | रु. १५००।०० |
| ८७. साईवर व्यवसाय | |
| श्रेणी क. | रु. १५००।०० |
| श्रेणी ख. | रु. १०००।०० |
| ८८. कृषी उपज खरिद बिक्री व्यवसाय | |
| क श्रेणी बार्षिक | रु. ३०००। |
| ख श्रेणी बार्षिक | रु. २०००। |
| ८९. एग्रो फर्म (उद्योग | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

क श्रेणी बार्षिक रु. ५०००।
ख श्रेणी बार्षिक रु. रु. ३५००।
ग श्रेणी बार्षिक रु. २०००।

९०. मनि ट्रान्स्फर सेवा
क श्रेणी बार्षिक रु. ३०००।
ख श्रेणी बार्षिक रु.२०००।-

९१. घरेलु कृषि तथा पशुपालन
क श्रेणी रु.१५००।-
ख श्रेणी रु.१०००।-

९२. फलफुल पसल
क श्रेणी रु.१०००।-
ख श्रेणी रु ८००।-

९३ .दुग्ध उत्पादन बिक्रि पसल
क श्रेणी रु. १५००।-
ख श्रेणी रु.१०००।

९४. कानुनी परामर्श दाता रु. १५००।

९५. निजी एफ.एम./रेडियो
क श्रेणी रु. ३०००।
ख श्रेणी रु. २०००।

९६. सन्चार सेवा बार्षिक रु. ५०००।

९७. निजी पत्रिका प्रकाशन बार्षिक रु. १५००।

९८. कला प्रशिक्षण केद्र
क श्रेणी रु.२०००।
ख.श्रेणी रु.१५००।

९९.केवल नेटवर्क ब्यवसाय रु.५०००।

१००.एन.सि.एल. (टावर सहित सेवा सन्चालन) रु. ५०,०००।

१०१. online Network ब्यवसाय रु.५०००।

१०२. यातायात सम्वद्ध ब्यवसायिक कम्पनी बार्षिक रु. २५००।

(माथि उल्लेखित बाहेका अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु. ५००।- देखि ५०००।- सम्म लिने। व्यवसाय कर बक्यौतामा बक्यौताको अवधि हेरी १०% देखि ५०% सम्म जरिवाना लिने।)

## अनुसूची-५

(दफा ६१ संग सम्बन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडिवुटी, कवाडि, जीवजन्तु करको दर**

यस नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस र प्रचलित कानूनले निषेध गरेको जीबजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको ब्यबसायिक कारोबार गरेबापत वार्षिक रु ३०००। का दरले कर लगाईने र असुल गरिनेछ। कवाडी मालको हकमा वार्षिक रु ५०००। दरले कर लगाईने र असुल गरिनेछ

## अनुसूची-६

(दफा ६४ सँग सम्बन्धित)

**सवारी साधन कर**

(छ) पावर टेलर वार्षिक रु. ३०००
(ज) अटो रिक्सा वार्षिक रु. ३०००

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-७
**(दफा ६४ सँग सम्बन्धित)**

विापन कर :

१. ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. रु १००।

२. वाल पेन्ट विज्ञापन प्रति व.फि. रु १०।

३. व्यानर ( बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा रु ५००।

## अनुसूची-८
**(दफा ५९ सँग सम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने बहाल विटौरी शुल्क :-**

| क.सं | विवरण | प्रतिसत. |
|---|---|---|
| क. | नगर क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए बापत मासिक वहाल विटौरी लिने । | प्रति वर्गफिट रु. १० देखि १०० सम्म |

## अनुसूची- ९
**(दफा ६० सँग सम्बन्धित)**

**सवारी पार्किङ्ग शूल्क :**

नगरपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्किङ स्थलमा निम्नानूसार पटके पार्किङ शूल्क लिने ।

- वस, ट्रक, मिनिवस, ट्याक्टर लगायत हेवी सवारी साधनमा १ पटकमा रु. ५०।००
- कार,जिप,भेन, ल्याण्डरोभर,आदी हल्का सवारी साधनमा १ पटकमा रु. ३०।००

## अनुसूची-१०
**(दफा ६२ सँग सम्बन्धित)**

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्क दस्तुर :**

**५. घर नक्सा पास दस्तुर:**

| सि.नं. | विवरण | आ.व. ०७६/७७ को स्विकृत दर रु. |
|---|---|---|
| १. | व्यापारिक क्षेत्रमा निर्माण गरिने पक्की घर प्रति वर्गफिट दस्तुर | रु. ९।- |
| २. | आवाशिय क्षेत्रमा निर्माण हुने पक्की घर प्रति वर्गफिट दस्तुर | रु. ८। |
| ३. | कृषि वा अन्य क्षेत्रमा निर्माण हुने पक्की घर प्रति वर्गफिट दस्तुर | रु.७। |
| ४. | सवै क्षेत्रमा निर्माण हुने कच्ची घर प्रति बर्गफिट दस्तुर | रु.४। |
| ५. | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क | रु. २०००।- |

६. विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरहरु :

| सि.नं. | सेवाको किसिम | आ.व.०७६/७७ को स्विकृत दर रु. |
|---|---|---|
| १ | साँध सिमाना प्रमाणित (पक्की सडक क्षेत्र) | ५००।- थप प्रति कित्ता रु १००।- |
| २ | साँध सिमाना प्रमाणित (कच्चि सडक) | ३००।- थप प्रति कित्ता रु ५०।- |
| ३ | साँध सिमाना प्रमाणित (अन्य क्षेत्र) | ३००।- |
| ४ | नागरिकता प्रमाणपत्रको सिफारिस | १००। |
| ५ | जग्गा नामसारी सिफारिस | ५००। |
| ६ | नाम, थर संशोधन सिफारिस | ५००। |
| ७ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | १०००। |

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ८ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | ५००। |
| ९ | घर कायम (पक्की घर) | १०००।- |
| १० | घर कायम (कच्ची घर) | ५००।- |
| ११ | घर नक्सा नामसारी पक्की दुई तला भन्दा वढीको लागि | २५००।- |
| १२ | पक्कीघर एकतले नक्सा नामसारी | १५००।- |
| १३ | कच्ची घर (ढुंगामाटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | ५००।- |
| १४ | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | २००।- |
| १५ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००।-एक रोपनी भन्दा माथि प्र.रो थप रु.१००।- |
| १६ | विद्युत जडानको सिफारिस दस्तुर | ५००।- |
| १७ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ५००।- |
| १८ | बैदेशिक रोजगारको लागि सिफारिस | ५००।- |
| १९ | परिवार ल्याएको/लगेको सिफारिस | ५००।- |
| २० | विवाह दर्ता सिफारिस (विदेशीसँग) | १०००।- |
| २१ | नाता प्रमाणित दस्तुर | ३००।- |
| २२ | बसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १०००।- |
| २३ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- |
| २४ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | २०००।- |
| २५ | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | ५००।- |
| २६ | निजी विद्यालय सञ्चालनको सिफारिस (ईजाजत) | १०,०००।- |
| २७ | निजी विद्यालय कक्षाथपको सिफारिस | ५०००।- |
| २८ | मोही नामसारी सिफारिस | ५००।- |
| २९ | सम्बन्ध विच्छेदको सिफारिस | ३००।- |
| ३० | ठुला उद्योग स्थापनाको सिफारिस(ईजाजत) | ५०००।- |
| ३१ | मझौला उद्योग स्थापनाको सिफारिस(ईजाजत) | ३०००।- |
| ३२ | साना तथा घरेलु उद्योगको सिफारिस(ईजाजत) | ५००।- |
| ३३ | रुख काट्ने सिफारिस प्रति गोटा | २००।- |
| ३४ | हाँगा काट्ने स्वीकृती | ५००।- |
| ३५ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ३००।- |
| ३६ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- |
| ३७ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | १०००।- |
| ३८ | अपुताली सिफारिस (नेपालको लागि) | १०००।- |
| ३९ | अपुताली सिफारिस (विदेशको लागि) | १५००।- |
| ४० | जन्म मृत्यू विवाह प्रमाणित तथा सिफारिस | ५००।- |
| ४१ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | ३००।- |
| ४२ | अंग्रेजी रुपान्तरण -प्रति आईटम | १०००।- |
| ४२ | व्यवसाय नामसारी दस्तुर | ५००।- |

**७. धनकुटा नगरपालिका क्षेत्रको सडक कटान गर्ने स्वीकृती :**

- ४ मि. भन्दा बढि पिच कटान गर्ने स्वीकृती — रु. ५०००।००
- ४ मि. सम्मलाई पिच कटान गर्ने स्वीकृती — रु. २५००।००
- ग्रावेल सडक कटान गर्न — रु. १०००।००

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

❑ ग्रावेल सडक छेउ कटान गर्न रु. ५००।००

(उपरोक्त सडक कटान गर्दा प्राविधिक हिसावले भएको क्षतीमा नघट्ने गरी न.पा.ले तोकेको धरौटी राख्नु पर्नेछ । भत्किएको सडक सम्वन्धित पक्षले बनाउनू पर्ने छ नवनाएमा धरौटी जफत् गरी नगरपालिकाले बनाउने छ) ।

८. सेवा शुल्कको दर :

| सि.नं. | सेवाको किसिम | साविकको दर | आ.व. ०७६/७७ को स्विकृत दर रु. |
|---|---|---|---|
| १ | जनसंख्या तथा घरधुरी बिवरण कार्ड नयाँ तथा प्रतिलिपि | | १००। |
| २ | घर नक्सापास पुस्तिका | | १०००।- |
| ३ | पक्का घरको सर्जमिन वापत | | १०००।- |
| ४ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | ५००।- |
| ५ | सवै किसिमको कागजातको प्रतिलिपि | | १००।- |
| ६ | अचल सम्पत्ति मूल्याकंन प्रति हजार | | २।- |
| ७ | रकम कलम उढाईदिएवापत | | २।- |
| ८ | अतिथिगृह कोठा नं. १ र २ प्रति दिन प्रतिकोठा | | १०००।- |
| ९ | अतिथिगृह बाँकी अन्य कोठाहरु प्रतिदिन | | ५००।- प्रतिकोठा |
| १० | न.पा. कार्यक्रम हल(ठुलो) प्रति दिन | | १५००।- |
| ११ | ओभरहेड/मल्टीमिडिया प्रतिदिन | | १०००।- |
| १२ | निजी विद्यालयको वार्षिक शुल्क (मा.वि.) | | १०,०००।- |
| १३ | निजी विद्यालयको वार्षिक शुल्क (नि.मा.वि.) | | ७,०००।- |
| १४ | निजी विद्यालयको वार्षिक शुल्क (प्रा.वि.) | | ५,०००।- |
| १५ | नागरिकता अनुसूची तथा नि.फाराम | | १००।- |
| १६ | अन्य सवैखाले निवेदन फारामहरु प्रतिगोटा | | १०।- |
| १७ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | १०।- |
| १८ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | | २००।- |
| १९ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | | १००।- |
| २० | न.पा.को श्रोत नक्सा A4साइज प्रति गोटा | | १००।- |
| २१ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | | ५००।- |
| २२ | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | | ३००।- |
| २३ | टो.व.स. दर्ता शुल्क/नविकरण | | ५००।- |
| २४ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | | १००।- |
| २५ | स्थलगत प्राविधिक सेवा शुल्क | | १०००।- |
| २६ | घर निर्माणमा लाग्ने पुर्वाधार मर्मत संभार शुल्क | | २०००। |
| २७ | **पुर्वाधार उपयोग शुल्क** | उल्लेखित पूर्वाधार उपयोग शुल्क एकीकृत सम्पत्तिकर असुलीमा समावेश गर्ने | |
| | क. पक्की सहरी सडक क्षेत्र | | २००।- |
| | ख. कच्ची सडक क्षेत्र | | ५०।- |
| २८ | फोहरमैला व्यवस्थापन केन्द्रमा अध्ययन टोलीलागि सहजिकरण एवं व्यवस्थापन शुल्क(प्रति टोली) | | ३०००। |

माथि उल्लेखित बाहेकको सेवा शुल्कको लागि सेवाको किसिम हेरी न.पा.ले निर्णय गरे बमोजिम हुनेछ ।

**९.१ ब्यापारिक भवन धनपा ७ बसपार्कको पसलकवलहरुको भाडादर:**

क ब्यापारिक भवनको ब्लक ए कवल नं. १ देखि ६ सम्मको कवलहरुको मासिक भाडा रु.४५००।-

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

ख.व्यापारिक भवनको ब्लक ए कवल नं. ७ देखि १४ सम्मको कवलहरुको मासिक भाडा रु.३०००।-
ग. व्यापारिक भवनको ब्लक बी हल नं. १ को मासिक भाडा रु.१९०००।-
घ.व्यापारिक भवनको ब्लक सी कवल नं. १ देखि ३ सम्मको कवलहरुको मासिक भाडा रु.१०,०००।-
ङ.व्यापारिक भवनको ब्लक सी कवल नं. १२ देखि १४ सम्मको कवलहरुको मासिक भाडा रु.४,०००।-
च. व्यपारिक भवनको ब्लक सि अतिरिक्त कवल १ को मासिक भाडादर रु.५०००।-

**(यातायात व्यवसायि संघको हकमा २ वटा सम्म बल्क ए का कवल ५० प्रतिशत भाडा छुटमा उपलब्ध गराउने)**

**९.२ रेष्टुरेण्ट तथा पसलकवल ध.न.पा. ७ का पसल कवलहरुको मासिक भाडादर:**

क रेष्टुरेण्ट कवल हरुको मासिक भाडादर (भुईतला) रु.७५००।-
ख पसलकवलहरुको मासिक भाडादर (भुई तला) रु.७०००।-
ग सौचालय सहितको डवल कोठा रु.४०००।
घ. सौचालय नभएका साना साईजका कोठाहरु रु. २०००।

**(यातायात व्यवसायि संघको प्रयोजनको हकमा भुईका २ वटा सम्म कवल ५० प्रतिशित छुटमा उपलब्ध गराउने)**

**९.३ ब्यापारिक भवन धनकुटा न.पा. ७ पिपलबोटको भाडाको मासिक दर :**

**(क) ब्लक ए (भुई तला) मासिक रु. ६,०००।**

**(ख) ब्लक बि,सि, डी र सभाहल सम्मको सम्पुण संरचनामासिक रु ४७,२५०।**

**११. सरसफाई सेवा शुल्क :(घरको आधारमा लाग्ने)**

(क) देनिक रुपमा सरसफाई सेवा पु-याउदैं आएको क्षेत्रमा मासिक रु.१००।- सरसफाई शुल्क लिने ।
(ख) हप्तामा दुई वा तिन पटक सरसफाई सेवा पु-याईएको क्षेत्रमा मासिक रु. रु.७५।- सरसफाई शुल्क लिने ।
(ग) हप्तामा एकपटक सम्म सरसफाई सेवा पु-याईएको क्षेत्रमा मासिक रु. ४०।- सरसफाई शुल्क लिने
(घ) महिनामा १ बा २ पटक सरसफाई सेवा पुर्याएका क्षेत्रमा मासिक रु. ३०। सरसफाई शुल्क लिने ।
(घ) आवाशिय क्षेत्रको लागि (बार्षिक एकमुष्ट) रु. १५०।- सरसफाई शुल्क लिने ।
(ङ) कृषि क्षेत्रको लागि बार्षिक रु. ५०।- सरसफाई शुल्क लिने ।

**१२. व्यवसायमा लाग्ने सरसफाई शुल्क :**

(च) मुख्य सडक क्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालमा मासिक रु. २००।-
(छ) मुख्य सडक क्षेत्रमा सञ्चालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा रु. १२०।-
(ज) मुख्य सडक क्षेत्रमा सञ्चालित मध्यम स्तरका पसल, व्यवसाय आदिमा रु. ८०।-
(झ) मुख्य सडक क्षेत्रमा सञ्चालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा रु ५०।-
(ञ) शाखा सडक क्षेत्रमा सञ्चालित उधोग,रिसोर्ट, ग्यारेज, अटो वर्कशप ,नरसिङहोम,निजी अस्पतालका लागी रु.२००।-
(ट) शाखा सडक क्षेत्रमा संचालित क बर्गका होटल,थोक पसल, डिलर, आदिमा रु.१००
(ठ) शाखा सडक क्षेत्रमा संचालित मध्यम स्तरका पसल, व्यवसाय आदिमा रु.७०
(ड) शाखा सडक क्षेत्रमा संचालित निम्न स्तरका व्यापार, व्यवसाय आदिमा रु.४०
(ढ) आवाशिय क्षेत्रमा संचालित क बर्गका ब्यापार व्यवसायमा रु.८०।-
(ण) आबाशिय क्षेत्रमा संचालित मध्यम तथा न्युन प्रकृतीका व्यवसायमा रु.४०।-

**(१३) विभिन्न ठेक्काको न्युनतम दररेट विवरण :**

| ठेक्का स्थान | न्यूनतम अंक | बार्षिक |
|---|---|---|
| सवारी पार्किङ शूल्क संकलन ठेक्का धनपा ७ र १ बसपार्क | १८,००,००० | १८,००,००० |
| बिहिबारे हटिया ठेक्का,धनपा ५ | ४,००,००० | ४,००,००० |
| हिले हटिया, धनपा १ | ६,५०,००० | ६,५०,००० |
| ढुंगा,गिटी,बालुवा आदी संकलन र बिक्रि गर्ने (फोडसूवा, धनकुटे, रुदुवा | २१,१०,००० | २२,००,००० |

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| खोला) | | |
| बिज्ञापन कर संकलन | ५,००,००० | ५,००,००० |
| चमेनागृह, धनपा कार्यालय परिसर | १,२०,००० | १,२०,००० |
| बहूउदेश्यीय भवन,धनपा ६ सल्लेरी | १,००,००० | १,००,००० |
| फोहोरमैला व्यवस्थापन केन्द्र धनपा ६,सल्लेरी बाट संकलन हुने कवाडी | | ५०,००० |
| चूलिबन पार्क पर्यटन शूल्क संकलन | | १००००० |

**(१४) धनकुटा नगरपालिका वडा नं.१ र ५ स्थित साप्ताहिक हटियाको पटके हाटबजार सेवाशुल्कको दररेट :**

| सि.नं | व्यापार सेवाको किसिम | दर (प्रतिहप्ता) रू. |
|---|---|---|
| १ | बंगुर, खसी(ठुलो) बिक्रि प्रति गोटा | २५०।०० |
| २ | भैसी,रागा,गोरू,गाई बिक्रि गरेको प्रतिगोटा | ३००।०० |
| ३ | कपडा पसल | १५०।०० |
| ४ | आलुको बिउ(दश पाथी भन्दा बढी) | १००।०० |
| ५ | आलुको बिउ(दश पाथी भन्दा कम) | ५०।०० |
| ६ | जुत्ता चप्पल,घडी रेडियो बिक्रि आदी | १००।०० |
| ७ | मकै,कोदो,चामल आदी अनाज १ मुरी भन्दा कम | ४०।०० |
| ८ | मकै,कोदो,चामल आदी अनाज १ मुरी भन्दा बढी | ८०।०० |
| ९ | सुंगुरको पाठापाठी प्रति गोटा | १००।०० |
| १० | हांस कूखुरा (हूर्किएको) प्रति गोटा | २०।०० |
| ११ | वंगुर,खसी काटेको प्रतिगोटा | २००।०० |
| १२ | रागा काटेको प्रतिगोटा | ३००।०० |
| १३ | चटपटे, हजाम, आईसक्रिम | ५०।०० |
| १४ | सव्जी ,फलफुल खुद्रे | ३०।०० |
| १३ | सव्जी फलफुल (धेरै परिमाणको) | ८०।०० |
| १४ | श्रृंगारका सामान | ८०।०० |
| १५ | माटोको भाडा वर्तन | ५०।०० |
| १६ | अदूवा,लसून,खूर्सानी,वेसार,सूर्ती सुकेको | ५०।०० |
| १७ | फलफूल विक्री(धेरै परिमाणमा) | ८०।०० |
| १८ | परेवा प्रति जोडी | २०।०० |
| १९ | चिया नस्ता पसल | ५०।०० |
| २० | जिरा मरिच, मसला तथा किराना | ८०।०० |
| २१ | माछा प्रति पेरूङ्गोको | २०।०० |
| २२ | मास,भटमार, बोडी, तेलहन,बदाम आदी १० पाथी सम्म | ५०।०० |
| २३ | मास,भटमार, बोडी, तेलहन,बदाम आदी १० पाथी भन्दा बढी | १००।०० |
| २४ | घरेलु हतियार खुकुरी, बन्चरो चुलेसी हरिया आदी बिक्रि | ५०।०० |
| २५ | काचो तथा भुटेको बदाम बिक्रि | ५०।०० |
| | पशु बध स्थलको स्टलमा मासु बिक्रि गरेको प्रति स्टल | २००।०० |
| २६ | उल्लेखित वाहेक व्यापार तथा सेवाको किसिमका आधारमा रू. २०।०० देखी रू. २००।०० सम्म लगाउन सक्ने । | |

**साप्ताहिक हाटबजारमा रहेका ब्यापारिक सेड तथा सर्टरहरुको भाडा स्थानीय बजार दर तथा ब्यवसायिहरुको सहमती समेतका आधारमा ठेकेदारले निर्धारण गरि लागु गर्ने ।**

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

सातौं नगरसभामा वजेट तथा योजना तर्जुमा समितिका संयोजकले प्रस्तुत गर्नु भएको वजेट मन्तव्य, नगर योजनामा समावेश गर्ने निर्णय गरियो ।

**नगर सभाका श्रदेय अध्यक्ष ज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्युहरु**

सातौं नगर सभाको गरिमामय वैठकमा धनकुटा नगरपालिकाको आगामी आ.व. २०७७/०७८ को वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु । यस सुखद क्षणमा नेपालको राजनीतिक, सामाजिक अधिकारका लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात, अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली प्रकट गर्न चाहन्छु ।

नेपाल सरकारले लिएको "समृद्ध नेपालः सुखी नेपाली" को अभियानलाई सफल वनाउन नेपालको संविधानले साविकका स्थानीय निकायलाई अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा स्थापित गर्दै लामो समयको जनप्रतिनिधि विहिनताको अवस्थालाई अन्त्य गरी जनप्रतिनिधिमूलक 'जननिर्वाचित नेतृत्वको व्यवस्था गरेको तीन वर्ष पुग्न लागेको अवस्थामा धनकुटा नगर सरकारले स्थानीय सापेक्षतामा तय गरेको "धनकुटा नगरः स्वच्छ, सुन्दर समुन्नत शहर" भन्ने दीर्घकालीन सोंच साकार बनाउन हामी चौथो वजेट तर्जुमा र स्वीकृतिको चरणमा रहेका छौ । जनताको नजिकको घर दैलोको सरकारको रुपमा स्थापित धनकुटा नगर सरकार आज नगरवासीको आवश्यकता र समस्याको पहिचान तथा प्राथमिकीरण गर्दै तिनको सम्वोधन मात्रै होइन नगरवासीको आगामी अपेक्षाको व्यवस्थापनका लागि पनि उत्तिकै सजगताका साथ संघीय सरकार, प्रदेश सरकार र नगरको आफ्नै आन्तरिक आयको न्यायपुर्ण र विवेक सम्मत ढंगवाट परिचालनका लागि उपयुक्त नीति, निर्णय, योजना र कार्यक्रम तय गर्दै नगरको विकास व्यवस्थापन, सेवाप्रवाह र शहरी सुशासनको प्रत्याभूतिका लागि अधिकतम प्रयत्नरत रहको व्यहोरा अवगत गराउन चाहन्छु ।

"नगरवासीका असिमित आवश्यकता र अपेक्षाको तुलनामा नगरलाई प्राप्त श्रोत आफैमा पर्याप्त होइन तथापि उपलव्ध श्रोतको विवेकसम्मत विनियोजन र कार्यान्वयन हाम्रो सामूहिक दायित्व रहेको व्यहोरा स्मरण गराउदै हामीले प्रस्तुत वजेट तर्जुमामा संविधान, पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिवद्धता, नेपाल सरकारका महत्वपूर्ण घोषणा तथा धनकुटा नगरपालिकाको धरातलीय यथार्थता समेतको आधारमा वजेट तर्जुमा दिग्दर्शनका संस्थागत चरणहरु अवलम्वन गर्दै नगरको नीति, कार्यक्रम र तिनको जगमा टोल वस्ती, वडा वैठक, विषयगत समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति तथा कार्यपालिका वैठक हुदै नगरसभाको वैठकवाट आर्थिक विधेयक र विनियोजन विधेयक पारित गरि कार्यन्वयनमा लैजाने उच्च आत्मविश्वासका साथ अव म क्रमशः विनियोजन विधेयक, २०७७ र आर्थिक विधेयक, २०७७ प्रस्तुत गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

विनियोजन विधेयकमा समावेश भएका क्षेत्रगत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । धनकुटा नगरपालिकाको आगामी आर्थिक बर्ष २०७७/०७८ को लागि कुल बजेट ६२,४९,४६,०००/-रुपैया विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ ४१,२३,६६,०००/- पूँजिगत तर्फ २०,९५,८०,०००/- र वित्तिय व्यवस्थातर्फ ३०,००,०००/-विनियोजन गरेको छु । कुल बजेटको चालु

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

६५.९८ प्रतिशत, पूँजिगततर्फ ३३.५२ प्रतिशत र वित्तिय व्यवस्थातर्फ ०.४८ प्रतिशत रहेको छ । आगामी बर्षको लागि प्रस्तावित खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान रु. १२,९१,००,०००/-, राजस्व बाँडफाँडबाट ८,३१,८९०००/- र सशर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृषि, पशु तथा महिला बालबालिका) तर्फको २६,४४,००,०००/- रहेको छ । त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. १,५०,००,०००/- समानिकरण अनुदान रु.७३,८१,०००/-, राजस्व बाँडफाँडबाट प्राप्त हुने ९०,८१,०००/- र सडक बोर्डसँगको सहकार्यमा प्राप्त हुने अनुदान रु. ५० लाख रहेको छ । सङ्घीय सरकारबाट हिले ओख्मालुङ्ग सडक स्तरोन्नतिका लागि रु. ४ करोड र आवास सहुलियत साझेदारी कार्यक्रममा रु. २ करोड प्राप्त भएको छ । यसरि नपुग हुने रु. ४ करोड ४५ लाख २३हजार गत बर्षको नगद मौज्दात, आन्तरिक राजश्व, मालपोत रजिष्ट्रेशन शुल्क समेतकाट व्यहोरिने छ । आगामि आर्थिक बर्षको कुल वजेटको ७.१२ प्रतिशत आन्तरिक आय रहने अनुमान गरिएको छ

**सभाध्यक्ष महोदय,**

अब म विनियोजन विधेयकमा समावेश भएका क्षेत्रगत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । वजेटमा समावेश भएका केही प्रमुख क्षेत्रगत क्रियाकलापको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकास तर्फ-** नगरका ग्रामिण क्षेत्रको रुपमा रहेको भिरगाउँ र वेलहारा लगायत नगरको पुर्वाधार विकास तर्फ धनकुटा वसपार्क देखि जिरोप्वाइण्ट नमुना सडक निर्माण सहित अन्य सडक, खेलमैदान, खानेपानी, भ्यु टावर निर्माण जस्ता पुर्वाधार विकासका लागि रु १४,७३,२१,०००/- बजेट बिनियोजन गरिएको छ । कुल वजेटको २३.५७ प्रतिशत हुन आउँछ ।

**आर्थिक विकास तर्फ-** कृषि, पशु, उद्योग, पर्यटन तथा सहकारी लगायतका आर्थिक विकासका क्षेत्रमा पुर्वाधार विकास गर्न मेयर कृषि पर्यटन कार्यक्रम, हिले भ्यु टावर, व्यवसायिक कृषि तथा पशुपालन, प्रविधि हस्तान्तरण, कृषि सहकारी भवन निर्माण एवम ३ वटा साना सिंचाई आयोजना तथा कार्यक्रममा रकम सहित रु. ३,८९,००,०००/- विनियोजन गरिएको छ । कुल बजेटको ६.२२ प्रतिशत हुन आउछ ।

**सामाजिक विकास तर्फः** समाजको विकास र समृद्धिका लागि भौतिक र सामाजिक क्षेत्र दुवैको समानुपातिक विकास र प्रर्वद्धन महत्वपूर्ण हुने भएकोले आगामी आ.व. देखि नै सवै वडालाई उपलव्ध अनुदानबाट संभव भएसम्म कम्तिमा २० प्रतिशत र नगरस्तरीय योजनामा सम्भव भए सम्म रकम विनियोजन गर्ने नीतिलाई कडाइका साथ लागु गरिएको छ । विपन्न नागरिकलाई फुसको छाना हटाइ जस्तापाता उपलव्ध गराउने आवास सहुलियत साझेदारी कार्यक्रम, धनकुटाको प्रतिष्ठाको रुपमा विगत देखि सञ्चालित भिमनारायण कप फुटवल, रिदिमाहाङ्ग रामलिहाङ्ग कप फुटवल मेयर कप खेलकुद प्रतियोगिता र उपमेयर कप भलिवल प्रतियोगिता संचालनलाई निरन्तरता दिएको छ । सफा शहरका लागि सरसफाई कार्यक्रमको निरन्तरता तथा प्रर्वद्धन लगायत बिद्यालय सुधार योजना, बालबालिकाको लागि खाजाको व्यवस्था, लैङ्गिक समता र सामाजिक समावेसीकरणको लागि महिला, दलित, आदिवासी जनजाति एवम् ज्येष्ठ नागरिकहरुको रिफ्रेष्मेन्ट र बाल मैत्रि नगर घोषणाका लागि रु. २७,८६,५४,०००/- विनियोजन गरिएको छ ।जुन कुल वजेटको ४४.५९ प्रतिशत हुन आउँछ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

**सुशासन तथा अनतर्सम्बन्धित क्षेत्रतर्फ-** गुणस्तरिय सेवा प्रवाहका लागि प्रतिनिधि र कर्मचारीको क्षमता विकास, संगठन तथा व्यवस्थापन सर्भेक्षण, जनतासंग मेयर कार्यक्रम, राजश्व अभिवृद्धि कार्यक्रम, शहरको सौन्दर्य अभिवृद्धि गर्ने कार्यक्रम सुशासन कायम गर्न वजार अनुगमन, विवाद निरुपण तथा आम नागरिकलाई न्यायको प्रत्याभुति दिलाउनका लागि योजना प्रारम्भ गर्न रकम विनियोजन गरिएको छ । वातावरण तथा विपद् व्यवस्थापन तर्फ जलवायु परिवर्तन प्रति सचेत रहदै जलवायु अनुकुल सम्वन्धी कार्यक्रम वातारण तथा विपद व्यवस्थापनका लागि संस्थागत रुपमा नगर प्रहरी परिचालन, विपद व्यवस्थापन समितिको परिचालन लगायतका लागि रु. १,४४,००,०००/- विनियोजन गरिएको छ । जुन कुल वजेटको २.३० प्रतिशत हुन आउँछ ।

यस अन्तर्गत ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रका लागि बिशेष कार्यक्रम, ल्याण्डफिल्ड साइट स्तरोन्नती तथा गार्वेज कम्प्याक्टर ट्रक मार्फत फोहोर मैला व्यवस्थापन गर्न सार्वजनिक स्थलमा वृक्षारोपण प्रवर्धन कार्यक्रम, एवम् संचालनको लागि कार्यक्रम संचालन गर्ने प्रस्ताव गरिएको छ ।

सभाध्यक्ष महोदय,

प्रस्तुत आर्थिक विधेयक र विनियोजन विधेयक पारित गरि कार्यान्वयनमा लैजानका लागि तर्जुमा देखि हालको अवस्था सम्म महत्वपूर्ण मार्गदर्शन तथा दृढ र कुशल अभिभावकिय नेतृत्वको लागि यस सभाका श्रदेय अध्यक्ष तथा नगर प्रमुख चिन्तनतामाङ्ग ज्यु, व्यवस्थापकिय नेतृत्व, समन्वयकारी भूमिका र सकारात्मक सहजिकरणका लागि प्रमुख प्रशासकिय अधिकृत रामवहादुर थापाज्यु तथा सरकारको डेलिभरी र नागरिकको दैनन्दिन अपेक्षाको पुलको रुपमा जहिले पनि जनता संगै रहि मागको आधारमा नभई आवश्यकताको आधारमा वस्तीस्तर देखि हाल सम्म योजना कार्यक्रम तर्जुमा र कार्यन्वयनमा अहोरात्र जुटिरहनु हुने सम्पुर्ण वडाअध्यक्ष, कार्यपालिका सदस्य तथा नगर सभा सदस्य एवम नगर कार्यपलिकाको कार्यालयका सम्पूर्ण इमान्दार र निष्ठावान कर्मचारीहरु प्रति आभार प्रकट गर्दै विदा चाहन्छु ।

धन्यवाद !

शकुन्तला वस्नेत
संयोजक
वजेट तथा कार्यक्रम तर्जुमा समिति

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०७७/०७८ को योजना, कार्यक्रम तर्जूमा तथा वजेट विनियोजन र योजना कार्यक्रम सञ्चालनका लागि तयार गरिएको नीति माथी छलफल गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**उपप्रमुखज्यू,**
**नगरसभा सदस्यज्यूहरु,**
**उपस्थित अन्य अतिथिज्यूहरु,**
**कर्मचारीहरु तथा पत्रकार मित्रहरु !**

१. नेपालको संविधान र संघीय शासन प्रणालीमा तहगत सरकारहरुमा धनकुटा नगरपालिका स्थानीय सरकारको रुपमा रहेको छ । हामीले २०७४ साल असार महिना देखि कार्यभार ग्रहण गरी कार्य थालनी गरेको ३ बर्ष पूरा भएको छ । संघीय संरचनामा स्थानीय तहको सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । यही पृष्ठभूमिमा रहेर यस धनकुटा नगरपालिकाको गरिमामय सातौ नगरसभामा आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गौरवको अनुभुति गरेको छु ।

२. राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अध्यारो कालखण्डबाट जनता कै प्रतिनिधि मार्फत राज्यसञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

३. कोरोना भाइरस (कोभिड १९) महामारीका कारण विश्वमै मानव जातिमाथि उत्पन्न भएको ठूलो संकटमा महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवाहरु र सुविधाहरु अपर्याप्त देखिएका छन । यस महामारीबाट लाखौं मानिसको ज्यान गईसकेको छ, अरु लाखौं संक्रमित छन । यस महामारीबाट संक्रमित भई नेपाल र विदेशी मुलकमा ज्यान गुमाउनुहुने नेपाली तथा अन्य मित्र राष्ट्रका नागरिकहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. कोभिड १९ को संक्रमण प्रारम्भ भए लगतै अवलम्बन गरेको रणनीति, समन्वयात्मक भूमिका एवम् सबै नागरिकको एकता, धैर्य र सहयोगले अहिले सम्म यस रोगको संक्रमणबाट यस नगरपालिका भित्र सबैको जीवन रक्षा सम्भव भएको छ । संक्रमण थप फैलन नदिन र यस महामारी माथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकाले एकढिक्का भएर दृढताका साथ लाग्न सबैमा आह्वान गर्दछु ।

५. जोखिमपूर्ण परिस्थितिमा अग्रपंतिमा रहेर सेवा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, पत्रकार, एम्बुलेन्स चालकहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघसंस्थालाई धन्यवाद दिन चाहन्छु । कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि नगरपालिकाले चालेका कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा संघसंस्था लगायत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

६. नेपाल सरकार र १ नं. प्रदेश सरकारबाट समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्न आर्थिक, सामाजिक, साँस्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीतिको स्पष्ट खाकासहित आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सार्वजनिक भएको छ । नेपाल सरकारले पन्ध्रौं आवधिक योजना स्वीकृत गरी लागू गरेको छ । नेपाल सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाको नीति तथा कार्यक्रम र आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्दै नतिजामूलक उपलब्धि हासिल गर्ने गरी ***धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर***को मूल आधारलाई मूर्त रुप दिन हामी सम्पूर्ण निर्वाचित पदाधिकारीहरु प्रतिवद्ध छौं ।

७. स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारको विकाससम्बन्धी लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । विकास निर्माणका साधन स्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरुमा सहज पहुँचसँगै निकायगत अन्तर समन्वय र साझेदारीमा हाम्रो महत्वपूर्ण भूमिका रहन्छ । यसर्थ, हामीले नेपाल सरकार तथा प्रदेश सरकारको योजना तथा नीति अनुरुप नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छौं ।

प्रमुख प्रशासकीय अधिकृत

८. विकास र सुशासन अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रको रुपमा स्थापना गर्दै जनतालाई पुऱ्याउनु पर्ने कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन हाम्रो महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि सरकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने नीति लिइनेछ । शान्ति सुरक्षा, रोजगारी अभिबृद्धि, सामाजिक सुरक्षा र मानव संसाधनको क्षमता विकासमा सहयोगी भूमिका निर्वाह गर्दै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाई समावेशी, व्यवसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वावलम्वी बनाउदै स्थानीय सरकारको सुशासनको संस्थागत विकासमा हामी प्रतिवद्ध छौं ।

९. निर्वाचित जनप्रतिनिधि वहाल भएको ३ बर्षको अवधिमा महत्पूर्ण उपलब्धिहरु हासिल भएका छन् । ग्रामीण, दुर्गम र पछाडि परेका क्षेत्रहरुमा आर्थिक, सामाजिक र पूर्वाधार विकासमा प्राथमिकताका साथ कार्यहरु गरिएका छन् । धनकुटा नगरपालिकालाई स्थानीय सरकारको रुपमा संस्थागत विकास गर्दै लैजान २६ वटा कानूनहरुको तर्जुमा गरि लागू गरिएको छ । जनताको घरदैलोसम्मको सेवालाई चुस्त, प्रभावकारी, नतिजामुखी र जनउत्तरदायी बनाउन सवै वडाबाट सेवाप्रवाह भएको छ । नेपाल सरकारबाट समायोजन भई आएका सबै कर्मचारीहरुको उचित व्यवस्थापन गरिएको छ ।

१०. धनकुटा नगरपालिकाले ३ बर्षको अवधिमा उत्साहबर्द्धक उपलब्धि हासिल गर्न सफल भएको छ । यस अवधिमा भौतिक प्रगति, सामाजिक तथा आर्थिक विकास, फोहरमैला व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारमा गरेको प्रगति नगरले अवलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारिताको परिणाम हो । यी उपलब्धिहरुले स्वच्छ, सुन्दर र समुन्नत नगर निर्माणको लागि बलियो आधारशिला प्रदान गरेका छन् ।

११. धनकुटा नगरपालिका क्षेत्रभित्र चालु आ.ब. मा पूर्वाधार क्षेत्रमा जम्मा ६८२ वटा योजनाहरु सञ्चालनमा रहेका मध्ये १६५ नगर स्तरीय ३६१ वडा स्तरीय शसर्त शिक्षा ७ स्थानीय पूर्वाधार विकास साझेदारी ९ निर्वाचित क्षेत्र विशेष कार्यक्रम ५१ निर्वाचन क्षेत्र पूर्वाधार विकास १३ प्रदेश सशर्त अनुदान ६ रहेका छन् । यी योजनाहरु मध्ये ५१७ वटा सम्पन्न, १३९ सञ्चालन, १९ वटा सम्झौता हुन बाँकी रहेका छन् । यी योजनाहरु cumulative रुपमा ११००० महिला र १६००० पुरुष गरी कुल २७००० लाभान्वित भएका छन् । यसबाट नगरपालिका क्षेत्रभित्र ३९७४२ दिन रोजगारी सृजना भएको छ ।

१२. महामारी र बन्दाबन्दीबाट प्रभावित व्यवसायीहरुलाई लक्षित गरी करमा सहुलियतका व्यवस्थाहरु गरिएको छ । गरिव, असहाय तथा विपन्न परिवार, दैनिक कमाई गरी जीवनयापन गर्ने व्यक्ति तथा बन्दाबन्दी र कोभिड १९ ले निम्त्याएका अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरुलाई लक्षित गरी खाद्यान्नको कम्वो प्याक वितरण गरिएको छ ।

१३. "समृद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय आकांक्षा सहितको विकासका लक्ष्यहरु हासिल गर्न धनकुटा नगरपालिकाकाले प्रभावकारी भूमिका निर्वाह गर्नेछ । ***धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर*** भन्ने नगरको मूल नारालाई साकार पार्न नगर क्षेत्रलाई नेपाल कै उत्कृष्ट, समृद्ध, व्यवस्थित, प्रविधिमैत्री, सुन्दर एवं सफा हराभरा नगर बनाउन समग्र नीति तथा कार्यक्रम बीच उचित तालमेल आवश्यक छ । यसर्थ, आर्थिक वर्ष २०७७/७८ को बजेट निर्माण गर्दा नगरवासीले अनुभूति गर्न सक्ने नगर सुशासन र विकासलाई संस्थागत गर्ने प्रवन्ध मिलाइनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

१४. ***धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर***को आकांक्षा पूरा गर्न महामारीका कारण समग्र सामाजिक आर्थिक पक्षमा परेको प्रतिकूलता समेतलाई सम्बोधन गर्दै देहायका रणनीति आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

(क) कोभिड १९ को रोकथामका लागि अपनाउनु पर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरु गरिने,

(ख) औषधि, स्वास्थ्य सुरक्षा उपकरण र स्वास्थ्यकर्मीहरुको प्रयोग व्यवस्था तथा परिचालन गरिने,

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

(ग) शिक्षा र स्वाथ्य सेवामा गुणात्मक सुधार गर्ने, कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्न र विकास निर्माण कार्यलाई तिव्रता दिने कार्यक्रमहरु कार्यान्वयन गरिने,

(घ) महामारीका कारण रोजगारी गुमाएका श्रमिक, किसान, असहाय व्यक्ति, विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरीने,

(ङ) स्थगित भौतिक पूर्वाधार निर्माणका कार्यहरु सुचारु गरिने र बहुबर्षे योजनाहरु सम्पन्न गरिसकेपछि मात्र नयाँ योजनाहरु सञ्चालन गरिने,

(च) नगरमा रहेको बेरोजगारको तथ्याङ्क संकलन गरी अभिलेख व्यवस्थापन गरिने,

(छ) आर्थिक क्रियाकलाप चलायमान हुने, रोजगारी सिर्जना हुने, स्थानीय बजारमा खपत हुने वस्तुहरुको उत्पादनमा जोड दिने खालका योजनाहरु सञ्चालन गरिने,

(ज) विशेष गरी वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई लक्षित गरी स्वरोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने,

१५. कोभिड १९ को महामारीबाट नगरवासीहरुलाई सुरक्षित राख्नु नगरपालिकाको पहिलो प्राथमिकता रहेको छ । यसको संक्रमणबाट बच्न अपनाउनुपर्ने सजगताको व्यवस्थाहरु नगरपालिकाले गर्नेछ । कोभिड १९ को व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आँकलन गरी क्वारेन्टिन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङक सम्प्रेषण, उपचार तथा नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीको सुरक्षालाई आवश्यक पर्ने सामाग्रीको व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।

१६. नगरमा शिक्षण अस्पताल स्थापना तथा सञ्चालनका लागि प्रदेश सरकार सँग समन्वयात्मक पहल गरिनेछ ।

१७. स्वास्थ्य सेवामा गरिब सिमान्तकृत, दलित, महिला बालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम तय गरी लागु गरिनेछ ।

१८. प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीको सुदृढिकरण गरी आवश्यक उपकरण उपलब्ध गराईनेछ । आवश्यक औषधि तथा खोपको वितरण समूचित रुपमा गराई विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच कायम गरिनेछ ।

१९. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयमसेविकाहरुको भूमिका बढाउनुको साथै सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछ ।

२०. नगरपालिकाबाट सञ्चालित एम्बुलेन्स मार्फत सुत्केरी महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाई सहज स्वास्थ्य उपचारको लागि नगरक्षेत्र भित्र एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ । विपन्न वर्गलाई विशेष छुटको व्यवस्था गरिनेछ ।

२१. समुदायमा आधारित आमा समूह, टोल विकास संस्था, युवा क्लबजस्ता संघसंस्थाहरु सँग साझेदारी र समन्वय गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईने छ ।

२२. सम्पूर्ण नगरवासीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा समेटिदै लगिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

२३. शिक्षा क्षेत्र नै देश विकासको लागि आवश्यक जनशक्ति पैदा गर्ने स्थल हो । शैक्षिक क्षेत्रको विकास बिना अन्य क्षेत्रहरु सवल र सक्षम हुन सक्दैनन् । तसर्थ, धनकुटा नगरपालिका भित्र रहेका सबै शैक्षिक केन्द्रहरुको स्तरोन्नति, पूर्वाधार निर्माण तथा जनशक्ति व्यवस्थापन गरी विद्यार्थीहरुलाई व्यवहारिक, नैतिकवान र जीवन उपयोगी शिक्षा प्रदान गर्ने खालको शिक्षा नीति धनकुटा नगरपालिकाको रहेको छ । तसर्थ गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा योग्य, दक्ष र शिक्षण पेशामा प्रतिवद्ध शिक्षक व्यवस्था गरिनेछ ।

२४. पाँचवर्ष मुनिका बालवालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकास कार्यक्रम (EGRP) लाई प्रोत्साहन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

२५. उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गको विद्यार्थीलाई छात्रवृति प्रदान गरिने छ। प्राविधिक क्षेत्रमा क्षमता र दक्षता भएका विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिने छ।

२६. अन्तर विद्यालय अनुभव आदानप्रदान तथा सिकाई पद्धतिमा समान्जस्यता ल्याउन समन्वयकारी भूमिका खेलिनेछ।

२७. नगरशिक्षा समिति मार्फत सवै विद्यालयहरुका शैक्षिक क्यालेण्डरमा एकरुपता ल्याइनेछ।

२८. विद्यालय समायोजन भै प्रयोगमा नआएका विद्यालय भवनलाई वाल विकास केन्द्र, सामुदायिक सिकाई केन्द्र तथा समुदायद्धारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था मिलाईनेछ।

२९. बालविकास केन्द्रका सहयोगी शिक्षक र विद्यालय कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गरिने छ। वालबिकास शिक्षकको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ।

३०. आधारभुत तह कक्षा ६–८ र माध्यमिक तहका छात्राहरुलाई सहज रुपमा सेनेटरी प्याड वितरणको व्यवस्था मिलाइने छ।

३१. लकडाउनको कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरु प्रयोग गरी पठनपाठन गर्ने व्यवस्था मिलाईने छ।

३२. प्रत्येक सामुदायिक विद्यालयमा टिनको छाना मुनी बस्ने वाध्यताको अन्त्यका लागि सिलिङ फल्स क्रमशः राख्ने नीति अवलम्वन गरिने छ।

३३. नगरका सवै सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापन सुधारका लागि ई.हाजिरी, सिसि क्यामेरा, ई. बेल लगायतका व्यवस्थाहरु गरिने छ।

३४. बढ्दो सहरीकरणसँगै नगर क्षेत्रमा विस्थापित हुन थालेको पशुपालन, कृषि प्रणालीको निरन्तरताका साथै कृषि भूमिको संरक्षण गर्न यसको विकास र विस्तारका लागि आधुनिकीकरण गर्ने र यसैका माध्यमबाट जनताको लागि आय आर्जनका कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरण गर्ने नीति लिइनेछ।

३५. कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको बीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने नीति लिइनेछ।

३६. कृषि पेशामा युवाहरुको आर्कषण बृद्धि गर्न युवा स्व-रोजगार लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ। युवा अवस्थाको उर्जालाई कृषि क्षेत्रमा व्यवसायीकरण गर्न स्व-रोजगार बन्ने र बनाउने नीति अलम्वन गरिनेछ।

३७. कोभिड १९ को कारण प्रभावित आर्थिक गतिविधि उकास्न श्रममूलक आयोजनाहरु ***शहरी शासकीय क्षमता विकास कार्यक्रम*** सँगको साझेदारीमा संचालन गरिनेछ।

३८. ***मेयर कृषि पर्यटन कार्यक्रम*** मार्फत एभोकाडो र ड्रागनफलको खेती विस्तार, बजारीकरण र प्रवर्द्धनको लागि पहल गरिनेछ। २०७७ मंसिर महिनामा एभोकाडो महोत्सब गरिनेछ।

३९. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना तथा कृषि ज्ञान केन्द्र र भेटेनरी अस्तपाल तथा पशु विज्ञ केन्द्रसँग समन्वय र सहकार्यमा नगरपालिकाले लागत साझेदारी गर्दै धान, मकै, तरकारी, फलफूल र पुष्प व्यवसाय पकेट क्षेत्र घोषणा गरी कृषकको आय बृद्धि गरिनेछ। घुम्ती शिविरमार्फत माटो तथा गोवर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन बृद्धि गरिनेछ।

४०. घर परिवारलाई पुग्ने अर्गानिक र स्वस्थ साग सब्जी तथा तरकारी आफैले उत्पादन गरी उपभोग गर्ने आदतको विकासका लागि करेसाबारी तथा कौसी खेती कार्यक्रम लक्षित समूह मार्फत सञ्चालन गर्ने नीति लिइनेछ।

४१. जलवायु परिवर्तनका नकारात्मक असरहरुलाई न्यूनीकरण गर्दै उपल्लो र तटीय क्षेत्रका कृषकहरुका लागि ***जलवायु अनुकुलित नमुना गाउँ कार्यक्रम*** (CSV) मार्फत कृषकहरुलाई व्यवसायिक कृषि उत्पादनमा जोड दिने खालको नीति लिइनेछ।

४२. नगरको उपयुक्त क्षेत्रमा ***एभोकाडो अनुसन्धान तथा सिकाई केन्द्र*** स्थापना गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

४३. सबै वडाहरुमा पशु स्वास्थ्य कार्यकर्ताको व्यवस्थापन गर्ने नीति लिइनेछ । प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

४४. कृषिलाई व्यवसायिकरण गर्नको लागि नगरमा रहेका नर्सरीको सुदृढीकरण गरिनुका साथै टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तारको लागि पहल गरिने छ ।

४५. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा बढावा दिईने छ ।

४६. नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलियतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी सहकारी, बैंक तथा वित्तिय संस्थाद्धारा ऋण उपलब्ध गराउन पहल गरिने छ ।

४७. साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाईनेछ ।

४८. फलफुल तथा तरकारी संकलन केन्द्र, दुग्ध संकलन तथा भण्डारणका लागी चिलिङग केन्द्र स्थापनाको लागि सहकारी तथा कृषक समुहहरु सँग साझेदारी गरिनेछ ।

४९. सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

५०. लागत साझेदारीमा पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने कार्यक्रहरु सञ्चालन गरिनेछ ।

५१. नगर क्षेत्रमा व्यवसायिक कृषि फर्म सञ्चालन गर्ने, पुष्प खेती व्यवसाय प्रवर्द्धन र विस्तार गर्ने कृषक तथा कृषक समूहलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । नगर क्षेत्रमा भएका यस्ता कार्य गर्ने कृषि फर्म तथा व्यवसायीहरु मध्ये उत्कृष्ट कृषक तथा समूहलाई नगरपालिकाबाट पुरस्कृत गर्ने नीति लिइनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

५२. पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ ।

५३. आन्तरिक पर्यटनका लागि पार्कको निर्माण, भ्यूटावर, रिसोर्ट आदिको निर्माण तथा व्यवस्थापन गरिने छ ।

५४. विभिन्न पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिने छ ।

५५. यस नगरपालिका भित्र बसोबास गर्ने आठपहरिया जातिको मौलिक विशेपता झल्कने गरी संग्राहलयको निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।

५६. धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटकिय पूर्वाधार निर्माणका लागि संघीय सरकार र प्रदेश सरकार सँग लागत साझेदारीको लागि पहल गरिने छ । बक्रकुण्ड मन्दिर, मधुगंगा धार्मिक क्षेत्र, मार्गाथान, चुलीवन क्षेत्र लगायतका धार्मिक तथा सांस्कृतिक स्थलहरुको विकासको लागि आवश्यक पहल गरिनेछ ।

५७. स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ ।

५८. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिम व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको पहल गरिनेछ ।

५९. लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुलाई एडभान्स सीप विकास तालिम प्रदान गरिनुका साथै उत्पादकत्व वृद्धिका लागि प्रविधि हस्तान्तरण गरिने छ ।

६०. बेरोजगार युवाहरुलाई प्रस्तावनाको आधारमा उद्यम विकासको लागि अनुदान उपलब्ध गराइने छ ।

६१. रोजगार उपलब्ध गराउने स्थानीय उद्योगलाई करमा सहुलियत तथा अनुदानको व्यवस्था गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

प्रमुख प्रशासकीय अधिकृत

६२. नगर क्षेत्रको आर्थिक र सामाजिक रुपान्तरणका लागि गुणात्मक एवम् दिगो सहकारिता अभिबृद्धि गर्न नगर क्षेत्रका सहकारी र वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति लिइनेछ । सहकारीको माध्यमबाट गरीब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानी आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिका साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

६३. कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गर्न साना किसानहरुलाई सहकारीको माध्यमबाट एकीकृत गर्दै सामूहिक खेती, तरकारी, बीऊ बिजन, फूल र अन्य कृषि उपजको बजार व्यवस्थापनको लागि पहल गरिनेछ ।

६४. स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ्क निमार्ण र अद्यावधिक गरिनेछ ।

६५. ***आफ्नै देशमा श्रम गरौं, नजाउँ विदेशमा*** भन्ने मुल ध्येयका साथ नगरमा रहेका कम्तिमा १०० जना वेरोजगार व्यक्तिहरुलाई १०० दिनको रोजगारी प्रदान गरिने छ ।

६६. बेरोजगारहरुको तथ्याङक अभिलेख व्यवस्थापन गरी रोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ ।

६७. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यावसाय, उद्योग, कृषि लगायतका क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

६८. नगरपालिका क्षेत्रभित्र विशेष चाडपर्व, महोत्सव, जात्राको अवसरमा गरिने सरसफाई तथा निर्माणको कार्यमा रोजगार सुचना केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरु मात्र खटाइने छ ।

६९. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि परामर्श सेवा दिन तथा विदेशबाट फर्किएका व्यक्तिहरुलाई स्वदेशमा नै आयआर्जनमा जोडनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न **आप्रबासन श्रोत केन्द्र**लाई सक्रिय बनाइनेछ ।

७०. ***स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद***को अवधारणालाई सार्थकता तुल्याउन खेल पूर्वाधारको निर्माण, स्तरोन्नती, सिकाई, प्रतियोगिता आदिको आयोजना गरिने छ ।

७१. नगरक्षेत्रमा संचालन हुने अर्न्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितालाई सहयोग गर्ने तथा नगर क्षेत्रका उत्कृष्ट खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गर्ने नीतिलाई निरतन्तरता दिइनेछ ।

७२. धनकुटा नगरपालिका वडा नं. ६ सल्लेरी स्थित कवर्ड हलको स्तरोन्नती गरिनेछ ।

७३. मेयर कप/उप मेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालनलाई निरन्तरता दिइनेछ ।

७४. नगरको आर्थिक सामाजिक विकासलाई गति प्रदान गर्दै सर्वसाधारणको सहज पहुँचका अतिरिक्त व्यापार, व्यवसाय तथा सेवा क्षेत्रलाई सहजीकरण गर्न यातायात क्षेत्रको अहम भूमिका रहन्छ । सडक तथा यातायातको व्यवस्थित सञ्जालको विकासबाट मात्र सामाजिक आर्थिक मूल प्रवाहीकरण र नगर क्षेत्रको क्षेत्रगत समग्र विकासको आधारशीला तयार पार्न सकिन्छ ।

७५. सडक तथा यातायात क्षेत्रको विकासमा वडा कार्यालयबाट नगरपालिका कार्यालय जोड्ने सडकहरु, अन्तर वडा कार्यालयहरु जोड्न सक्ने सडकहरु, धार्मिक तथा पर्यटकीय क्षेत्र पहुँच सडकहरु, कृषि सडकहरु तथा राजमार्ग जोड्ने सडक निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ ।

७६. सडक पूर्वाधार निर्माण र विकासमा संघ तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुसँग बजेट विनियोजन तथा लगानीमा सहकार्य र साझेदारी तथा समन्वय कायम गर्ने नीति लिइनेछ ।

७७. सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी डिजाइन गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

७८. विहिबारे हाट-भीरगाउँ-हिले सडक, धनकुटा बसपार्क-जिरोप्वाइन्ट नमुना सडक, रत्नरिङ्गरोड-जौटार सडक, हिले-ओकमालुङ्ग सडक, घुमाउने चौतारा-टेकुनाला सडक, पात्लेखोला-बरबोटे सडक स्तरोन्नतीलाई उच्च प्राथमिकतामा राखिने छ ।

७९. नगरवासीका आकस्मिक समस्याहरु तथा योजनालाई सम्बोधन गर्न सञ्चालनमा रहेको ***जनताको अपेक्षा, नगरको सुभेक्षा कार्यक्रम***लाई निरन्तरता दिइनेछ ।

८०. आवास सहुलियत साझेदारी कार्यक्रम मार्फत नगरक्षेत्र भित्र फुसको छानो भएका विपन्न, दलित, एकल महिला तथा अपाङ्गता भएका परिवारहरुलाई जस्तापाता वितरण गरिने छ । वडा नं. ८ ***फुसको छाना मुक्त वडा*** घोषणा गरिने छ ।

८१. नगरभित्र रहेका सुकुम्बासीलाई पूर्नबासको प्रबन्ध मिलाउन तथा अवस्थित बसोबासलाई व्यवस्थित बनाउन पहल गरिने छ ।

**नगरसभा सदस्यज्यूहरु**

८२. नेपालको संविधानले लैङ्गिक विभदेको अन्त्य गर्दै पछाडि परेको वर्ग तथा समुदाय, दलित, आदिवासी जनजाति, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिगक तथा यौनिक अलपसंख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूति गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

८३. लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्दतिलाई संस्थागत गर्दै लगिनेछ ।

८४. नगरपालिका क्षेत्रमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरुको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिनेछ । सीप विकास तालिम सञ्चालन गरी नगर क्षेत्रमा उपलब्ध रोजगारीका अवसरहरुको उपयोगका लागि सक्षम बनाउने नीति लिइनेछ ।

८५. नगरक्षेत्रभित्र रहेका दलितहरुको क्षमता विकास तथा सशक्तिकरण गर्दै राज्यको मूलधारमा समाविष्ट गर्न सहयोग पुऱ्याउन नगरस्तरीय दलित विकास समिति गठन गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।

८६. नेपालको कूल जनसंख्यामा ४० प्रतिशत युवा रहेको अवस्थालाई दृष्टिगत गर्दै यस नगरपालिका क्षेत्रमा भएका युवाहरुको क्षमता विकास, युवा बहु प्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोंचको विकास गर्दै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई ***प्रधानमन्त्री रोजगार कार्यक्रम***सँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वाबलम्वी र चरित्रवान बनाइनेछ ।

८७. घरेलु हिंसा र कुलत न्यूनीकरण गर्न सरोकारवाला निकायहरु विच समन्वय र सहकार्यका आधारमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरी निरन्तर अनुगमन गर्ने नीति लिइनेछ ।

८८. संविधानले बालवालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जस्ता विषयहरुलाई समेटेको छ । नगर क्षेत्रमा रहेका वालवालिकाहरुको तथ्याङ्क संकलन गरी उनीहरुको वास्तविक अवस्थाको पहिचान गरिनेछ । बालवालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउदै उनीहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने नीति लिइनेछ । नगरलाई २०७८ असार मसान्त सम्ममा ***बालमैत्री नगर***को रुपमा घोषणा गरिने छ ।

८९. सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिला, दलित बालवालिका, अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने मासिक सुविधा वैंक खाता मार्फत टोल र बस्ती स्तरमा नै उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

९०. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नगर क्षेत्रको विकासमा प्रयोग गर्ने नीति लिइनेछ । जेष्ठ नागरिक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । **जेष्ठ नागरिक रिफ्रेसमेन्ट कार्यक्रम** संचालन गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३
प्रमुख प्रशासकीय अधिकृत

९१. धनकुटा नगरपालिका र करुणा फाउण्डेशनको साझेदारीमा अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । नगर क्षेत्र भित्रका भौतिक संरचना,यातायात, सेवा सुविधा, साधन श्रोत, सूचना तथा सञ्चार प्रविधिलाई अपाङ्गतामैत्री बनाउने नीति लिइनेछ । सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनःस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

९२. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९३. स्थानीय संस्कृति तथा सम्पदालाई असर गर्ने सवैखाले गतिविधि रोकथाम नियन्त्रण र नियमन गरिनेछ ।

९४. नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको संरक्षण कार्यमा जोड दिइनेछ ।

९५. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पुर्वाधार विकास गरी खानेपानीको आपुर्ति व्यवस्था गरिनेछ । सबै नगरवासीहरुलाई भरपर्दो र शुद्ध खानेपानीको सेवाका लागि **'एक घर एक धारा'** नीति अवलम्बन गरिने छ ।

९६. सबै खानेपानी आयोजनाहरुलाई समितिमा आवद्ध गरी न्यूनतम शुल्कको व्यवस्था गरी मर्मत सम्भार कोषको सञ्चालन गरिने छ ।

९७. नगर क्षेत्रभित्र सञ्चालित खानेपानीका नयाँ तथा क्रमागत आयोजनाहरुलाई यथाशीघ्र सम्पन्न गर्न नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गरिनेछ । नगर क्षेत्रमा रहेका पिउने पानीको समस्या समाधान गरी उचित वितरणको व्यवस्था मिलाउने कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ

९८. ***साना सिचाई कार्यक्रम*** सँगको साझेदारीमा कृषि उत्पादन बढाउने उद्धेश्यका साथ कुलो निर्माण गरी सिँचाईको प्रबन्ध गरिने छ ।

९९. नगरपालिका क्षेत्र भित्रको प्रत्येक खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी लगायतका सिंचाईका सुविधाहरु लिने नीति अवलम्वन गरिने छ ।

१००. सुख्खाग्रस्त तटीय क्षेत्रमा सिँचाईको लागि सौर्य सिँचाई प्रणाली जडान गर्न बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रसँग साझेदारी गरिने छ ।

**नगरसभा सदस्यज्यूहरु**

१०१. प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरण बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा संविधानमा उल्लेख गरिएको छ । वातावरणीय स्वच्छता कायम गर्ने विषय संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार क्षेत्र भित्रको कर्तव्य र जिम्मेवारी हो । प्रदूषण नियन्त्रण, फोहोमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्दै स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिक अधिकारको सुनिश्चितता गर्न नगर सरकारले प्राथमिकताका साथ कार्य गर्नेछ ।

१०२. धनकुटा नगरपालिका देशकै नमुना ***सफा सहर***को रुपमा परिचित छ । फोहरमैला व्यवस्थापनको लागि सल्लेरी स्थित फोहरमैला व्यवस्थापन केन्दको स्तरोन्नती तथा व्यवस्थापन गरिने छ । संकलित फोहरमैलाको ढुवानी कम्प्याक्टर मार्फत गर्ने प्रबन्ध मिलाइने छ ।

१०३. सार्वजनिक ढल व्यवस्थापन दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना कार्य अगाडि बढाइनेछ ।

१०४. फोहरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन र फोहोरलाई मोहरमा रुपान्तरण गर्दै उर्जा र जैविक मल उत्पादन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अगाडि बढाइनेछ ।

१०५. ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ । पहुँचमार्गको स्तरोन्नती कार्य अघि बढाइने छ ।

१०६. नगर क्षेत्रमा भएका भूस्याहा कुकुर नियन्त्रण लागि आवश्यक कार्यक्रमहरु गरिनेछ । छाडा पशुहरु नियन्त्रण र घरपालुवा पशुहरु वेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी जरिवाना गरिनेछ ।

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

१०७. नगरपालिकामा रहेको नगरस्तरीय विपद् व्यवस्थापन कोषमा थप रकम व्यवस्थापन गरिने छ । नगरस्तरीय विपद व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ । जनस्तरमा पूर्व तयारी तथा प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ ।

१०८. नगरका सबै टोल तथा वस्तीमा एम्बुलेन्स र दमकल आवत जावत गर्न मिल्ने गरी तोकिएको सडकको मापदण्ड कार्यान्वयन गरिनेछ ।

१०९. बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपवाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान, लत्ताकपडा उपलब्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको बृद्धिको लागि सार्वजनिक निजि र गैरसकारी संस्थाहरु सँग समन्वय गरिने छ ।

११०. वारुणयन्त्रको सवारीचालक २४ सै घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाईने छ ।

१११. नगर सरकारको सेवालाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै लैजानु आजको आवश्यकता हो । जनशक्तिको समुचित व्यवस्थापन गर्दै जवाफदेही, जिम्मेवारीपूर्ण र सेवाग्राही मैत्री व्यवहार आम नागरिकको अपेक्षा हो । यसर्थ, आगामी दिनमा नगरको प्रशासनिक सरंचना, जनशक्ति, कार्यशैली, कार्यविधि र प्रक्रिया नयाँ प्रविधि, ज्ञान, सीप र क्षमतामा आधारित नागरिक पहुँचमैत्री बनाउदै लैजाने नीति लिइनेछ ।

११२. धनकुटा नगरपालिकामा विगत लामो समयदेखि कार्यरत स्थायी कर्मचारीहरुको वृत्ति विकास रोकिएको अवस्था छ । अर्कोतर्फ नेपाल सरकारले स्तरबृद्धि गर्दै समायोजन गरी पठाएका कर्मचारीहरु समेत छन् । स्थानीय तहमा विगत लामो समय देखि कार्यरत क्षमता, योग्यता, सीप र दक्षता भएका कर्मचारी र नयाँ समायोजन भई आएका कर्मचारीहरु बीच भएको विभेद हटाई सन्तुलित वृत्तिविकास गर्न आवश्यक भएको छ । यसर्थ, विगत लामो समयदेखि स्थानीय तहमा कार्यरत वृत्ति विकास रोकिएका तथा नगरपालिकाका सक्षम, योग्य र इमान्दार स्थायी कर्मचारीहरुको कर्मचारी सेवा ऐन स्वीकृत गरी स्तरबृद्धि, बढुवा, पदस्थापना तथा प्रोत्साहन गरिनेछ । स्थानीय तहमा कार्यरत इमान्दार, दक्ष र अनुभवी अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरु लाई औचित्य र आवश्यकताको आधारमा सेवामा निरन्तरता दिने नीति लिइनेछ ।

११३. नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

११४. नगरका योजनाहरु ***दिगो विकास लक्ष्य*** (SDGs) का सूचक प्राप्ति हुने गरि सञ्चालन गरिने छ । वैदेशिक दातृनिकायहरु सँग संस्थागत समन्वय र सहकार्यको लागि पहल गरिनेछ ।

११५. नगरवासीका आवश्यकता तथा समस्याहरुलाई घरदैलोमा पुगी समाधान गर्ने हेतुले सञ्चालनमा रहेको ***जनता सँग मेयर कार्यक्रम***लाई निरन्तरता दिइने छ ।

११६. धनकुटा नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सुरु गरिने छ । प्रत्येक वडा कार्यालयहरुको व्यवस्थापन गर्दै आफ्नै भवन बाट कामकाज गर्ने व्यवस्था मिलाउदै लगिनेछ ।

११७. उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, टोल विकास संगठन, सरसफाइकर्मी, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिलाई निरन्तरता दिईने छ ।

११८. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ । गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

११९. नगरभित्र सञ्चालनमा रहेका सामुदायिक रेडियोहरु तथा पत्रकार महासंघको संस्थागत क्षमता विकासका लागि आवश्यक सहयोग गरिने छ ।

१२०. सार्वजनिक स्थल तथा पार्कहरुमा फ्रि वाईफाईको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२१. ***"कर डर होइन नगर विकासको भर"*** हो भन्ने तथ्यलाई आत्मसाथ गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायराभित्र ल्याइनेछन् । धनकुटा नगरपालिकाले आन्तरिक श्रोतको दिगो व्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनैतिक योजना स्वीकृत गरी लागू गर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

कर छली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउदै लगिनेछ । नगरकार्यपालिका कार्यालयबाट संकलन गरिने करसम्बन्धी सम्पूर्ण कारोवार वडा कार्यालय मार्फत गरिने व्यवस्था गरिने छ ।

१२२. नगरपालिकामा हाल लागू गरिएको अनलाइन राजस्व प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ । राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरिनेछ । यस्ता करदाताको लागि वडा तथा नगर कार्यपालिकाबाट सेवा सुविधा एवम् सिफारिश दिनु पूर्व अनिवार्य रुपमा बाँकी कर वक्यौता भूक्तानी गर्न लगाउने कार्यगत व्यवस्था कडाइका साथ लागू गरिनेछ ।

१२३. राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२४. आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गरी सहज सरल र दायरा फराकिलो वनाई सर्वसुलभ बनाइने छ ।

**नगरसभा सदस्यज्यूहरु**

१२५. नगर क्षेत्रको विकास क्रियाकलापमा आउन सक्ने वित्तीय जोखीम न्यूनीकरणका लागि कार्ययोजना स्वीकृतगरी लागू गरिनेछ । सालवसाली रुपमा रहदै आएको पुरानो पेश्की, वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाइनेछ । नगरपालिकाबाट खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य वेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने नीति लिइनेछ । नगरपालिकाबाट योजना सञ्चालन गर्दा पेशिक लिने क्रमलाई निरुत्साहित गर्दै रनिङ्ग विल र कार्य प्रगतिको आधारमा भूक्तानी गर्ने परिपाटीको विकास गरिनेछ । पुरानो पेश्की वेरुजु भएको पक्ष वा व्यक्ति मार्फत भौतिक पूर्वाधार विकास, लक्षित वर्गको कार्यक्रम तथा उपभोक्ता समितिको कार्य नगर्ने नगराउने नीतिगत व्यवस्था मिलाइनेछ ।

१२६. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट आर्थिक र सामाजिक रुपमा पछि परेका वर्गहरुको उत्थान हुनेछ, सबैले घरदैलोमा सरकार भएको प्रत्याभूति गर्न सक्नेछन्, आर्थिक क्रियाकलापहरु गतिशिल हुनेछन्, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ, ***धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर***को आकाङ्क्षा पूरा गर्न योगदान पुग्नेछ ।

१२७. यी नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा नगरलाई सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

१२८. अन्त्यमा, नगरको समग्र विकासमा योगदान गर्ने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, संघसंस्था, सञ्चारकर्मी, नागरिक समाज तथा नगरवासी महानुभावहरु लाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद !

चिन्तन तामाङ्ग
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत